# मनसुन आपतकालीन कार्य योजना, २०७७

## जिल्ला विपद् व्यवस्थापन समिति, कास्की
## द्धारा स्वीकृत

स्वीकृत मिति: २०७७ असाढ ०२ गते


नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, कास्की

फोन नं ०६१ ४६१७६४, ०६१ ४६५०७५, ०६१ ४६५०७५

इमेल : daokaski@gmail.com

# नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, कास्की
## मनसुन आपतकालीन कार्य योजना, २०७७

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्बाट सर्बसाधारणको जिउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति एवंम सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नु राज्यको दायित्व रहन्छ ।नेपाल भूकम्पीय विपद् जोखिमको आधारमा एघारौ, जलउत्पन्न प्रकोप जोखिमका दृष्टिकोणमा ३० औ र सबै खाले विपद् जोखिमका आधारमा २२ औ स्थानमा छ। कास्की जिल्ला नेपालमा सबैभन्दा धेरै पानी पर्ने जिल्लाको रुपमा रहेको हुदाँ जलजन्य प्रकोपको जोखिम अन्य प्रकोपको तुलनामा बढि भएको अनुमान गर्न सकिन्छ। यस्तै यहाँको भूवनोट, माटोको प्रकृति, अवैज्ञानिक सडक प्रणाली, जनस्तरमा विपद्को जोखिमका विषयमा न्यून चेतना स्तर, बातावरणिय प्रभाव मूल्याङ्कन (IEE/EIA) र विकास निर्माणका क्रियाकलापवीचको कमजोर आवद्धताका कारण वर्षायामको प्रारम्भसँगै बाढी, पहिरो, डुबान, हावाहुरी, चट्याङ्ग, आगलागी, सडक दुर्घटना र अन्य महामारीको संभावना रहन्छ। तसर्थ यस्ता विपद्का घटनाका कारण यस जिल्लामा समय समयमा भएको जनधनको क्षतिको प्रवृति समेतको अध्ययन गर्दा यस्तो क्षतिलाई न्यूनिकरण गर्न तथा विपद् व्यवस्थापनका महत्वपूर्ण चरणको रुपमा रहेका विपद् जोखिम न्यूनिकरण, खोज, उद्दार र पुनर्लाभ लगायतका कार्यहरु यसै कार्ययोजना अनुसार हुने गरि यस क्षेत्रमा कार्यरत निकायहरुबाट प्राप्त विवरणको आधारमा विपद् व्यवस्थापन चक्रका सवै चरण र क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैह्र सरकारी निकायहरुले जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा कार्य गर्ने गरी मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा गर्न वाञ्छनीय भएकाले,

जिल्ला विपद् व्यवस्थापन समिति, कास्कीबाट जिल्लाको **मनसुन आपतकालिन कार्ययोजना, २०७७** स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।

**१. मनसुन अवधि भर सम्पादन गरिने मूख्य क्रियाकलाप, जिम्मेवार निकाय, सहयोगी निकाय, समय अवधि सहितको संक्षिप्त कार्ययोजना :**

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय/पदाधिकारी | समय | कैफियत |
|---|---|---|---|---|---|
| १.१ | – बाढी, पहिरो तथा डुवानको जोखिममा रहेका वस्तीहरुको पहिचान गरी पूर्व सूचना दिने र सुरक्षित रहन सामाजिक दुरी कायम गरी संचार माध्यमबाट प्रचार प्रसार गर्ने। | – जिल्ला विपद् व्यवस्थापन समिति।<br>– जिल्ला सुरक्षा समिति।<br>– स्थानीय विपद् व्यवस्थापन समितिहरु। | – स्थानीय समुदाय<br>– पत्रकार महासंघ, कास्की (सुचना तथा संचार सेवा प्रदायक संस्थाहरु) | मनसुन अवधि भर निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२ | – औजार सहितको आवश्यक न्युनतम सामाग्री सहित खोज तथा उद्धार कार्यमा खटिन तयारी अवस्थामा रहने ।<br>– आ-आफ्नो Heavy Equipments आवश्यक पर्ना साथ प्रयोगमा ल्याउन सक्ने गरी उपयूक्त स्थानमा राख्ने। | – डिभिजन सडक कार्यालय, कास्की<br>– स्थानीय विपद् व्यवस्थापन समिति | – जिल्ला विपद् व्यवस्थापन समिति<br>– स्थानीय तहहरु सबै | मनसुन अवधि भर निरन्तर | |
| १.३ | – आ-आफ्नो स्तरमा मनसुन प्रतिकार्य पूर्व तयारी योजना तर्जुमा वा अध्यावधिक गरी वेभसाइटमा समेत राख्ने राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण र NEOC मा जानकारीका लागि पठाउने। | – जिल्ला विपद् व्यवस्थापन समिति,<br>– स्थानीय विपद् व्यवस्थापन समिति,<br>– जिल्ला प्रशासन कार्यालय | – जिल्लामा रहेका विपद्सँग कार्य गर्ने सरकारी तथा गैह सरकारी संघ संस्थाहरु | मनसुन अवधि भर निरन्तर | |
| १.४ | – जिल्ला एवं स्थानीय स्तरमा राहत सामाग्रीहरु भण्डारणको व्यवस्था मिलाउने । | – जिल्ला विपद् व्यवस्थापन समिति<br>– स्थानीय विपद् व्यवस्थापन समिति | – खाद्य संस्थान,<br>– पोखरा / लेखनाथ उद्योग बाणिज्य संघ, | निरन्तर | |
| १.५ | – कास्की जिल्लाको Disaster Preparedness and Response Plan, 2076 (DPRP) अद्यावधिक गर्ने । | – जिल्ला विपद् व्यवस्थापन समिति | – विपद् व्यवस्थापनमा कार्यरत संस्था/ निकाय | अषाढ मसान्त सम्म | |
| १.६ | – विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम राख्ने। | – जिल्ला प्रशासन कार्यालय, कास्की<br>– स्थानीय तह | – गृह मन्त्रालय<br>– संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | |
| १.७ | – सुरक्षा निकायहरु विपद् व्यवस्थापनका विभिन्न चरणहरुमा आवश्यकता अनुसार तुरुन्त खटिन सक्ने गरि तयारी अवस्था रहने | – जिल्ला सुरक्षा समिति | – गृह मन्त्रालय | निरन्तर | |
| १.८ | – नदीको बहाव मापन गरी जानकारी दिने | – हावापानी तथा मौसम विज्ञान कार्यालय, कास्की | – जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| १.९ | – विपद् सम्बन्धि Focal Person तोक्ने | – जिल्ला प्रशासन कार्यालय,सुरक्षा निकाय,स्थानीय तह | – संचार जगत | तत्काल तोक्ने । | जिल्ला प्रशासन कार्यालयको वेभसाइट |

| | | | | | मार्फत प्रकाशन गर्ने |
|---|---|---|---|---|---|
| १.१० | – जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार दक्ष जनशक्ति, स्वयम सेवक तयार गर्ने तथा राहत एवम् उद्दार सामाग्रीहरुको भण्डारण गर्ने। | – जिल्ला विपद् व्यवस्थापन समिति<br>– स्थानीय तह सबै<br>– अन्य सरकारी कार्यालयहरु<br>– स्वयमसेवी संस्थाहरु | – गृह मन्त्रालय,<br>– स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | मनसुन अवधि भर | |

२. **नेपाल प्रहरी तर्फको जिम्मेवारी : जिल्ला प्रहरी कार्यालय, कास्कीले नेतृत्व लिई सम्पादन गरिने मुख्य क्रियाकलापहरु :**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| २.१ | – जिल्ला प्रहरी कार्यालयमा Focal person तोक्ने | – जिल्ला प्रहरी कार्यालय, कास्की | | तत्काल | |
| २.२ | – मनसुनबाट उत्पन्न हुन सक्ने बाढी पहिरो जस्ता विपदलाई मध्यनजर गरी आफ्नो कार्यक्षेत्र भित्र पर्ने सम्भावित जोखिम युक्त स्थानहरुको अध्ययन एवं पहिचान गरी सोही अनुसार जनशक्ति गर्ने तथा आवश्यक विपद् व्यवस्थापन सम्बन्धी सामाग्री तथा उपकरणहरु तयारी अवस्थामा राख्ने/राख्न लगाउने। | – जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रहरी अन्तरगतका ईकाइहरु | | तत्काल | |
| २.३ | – प्रकोप जन्य घटनाहरुको सूचना संकलन तथा उद्धार प्रति कार्यलाई छिटो छरितो बनाउनका लागि जिल्ला भित्र रहेका स्थानिय तहमा वडास्तरसम्म निर्वाचित जनप्रतिनिधि लगायत सम्वन्धित व्यक्तिहरुको नाम र सम्पर्क सूचि संकलन गर्ने। | – जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रहरी अन्तरगतका ईकाइहरु | – स्थानीय तहहरु सबै | तत्काल | |
| २.४ | – विपद्का समयमा विस्थापितहरुलाई सुरक्षित स्थानहरुमा स्थानान्तरण गर्न सकिने खुला स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुको अभिलेख र स्थानको क्षमता अध्यावधिक गर्ने। | – जिल्ला प्रहरी कार्यलय, कास्की | – जिल्ला विपद् व्यवस्थापन समिति | तत्काल | |
| २.५ | – विपद्को समयमा गरिने खोज तथा उद्धार पुन:स्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि जिल्लामा रहेका सरकारी तथा गैर-सरकारी निकायहरुको विवरण अध्यावधिक गर्ने। | – जिल्ला प्रहरी कार्यलय, कास्की | – जिल्ला विपद् व्यवस्थापन समिति | तत्काल | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.६ | – जिल्ला अन्तर्गत यातायात तथा सवारी साधनको सहज पहुँच भौगोलिक दृष्टीकोणले सुरक्षित र विपद् प्रभावित ईलाकाको नजिक हुने गरी विपद् उद्धार तथा राहत सामाग्री स्थानको रेकर्ड अध्यावधिक गर्ने । | – जिल्ला प्रहरी कार्यलय, कास्की । | – जिल्ला विपद् व्यवस्थापन समिति | तत्काल | |
| २.७ | – जिल्ला प्रहरी कार्यालय र अन्तरगतका इकाइहरु तथा अन्य निकायहरुमा विपद् प्रतिकार्यमा प्रयोग हुने चालु अवस्थामा रहेका सामग्री हरुको अभिलेख अध्यावधिक गर्ने । | – जिल्ला प्रहरी कार्यलय, कास्की | | तत्काल | |
| २.८ | – जिल्ला प्रहरी कार्यलय, कास्की तथा मातहत प्रहरी ईकाईहरु समेतले विपद्लाई मध्यनजर गरी मनसुनबाट हुन सक्ने क्षति न्युनिकरण गर्न निम्नानुसार कार्य गर्ने ।<br>– जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयमा तालिम दक्ष प्रहरी कर्मचारि १० जना र अन्य ३० जना सहयोगि जनशक्तिलाई मनसुनबाट हुन सक्ने सम्भावित घटनामा स्थानीय स्तरमा उपलब्ध उद्धार सामाग्री सहित तत्काल परिचालन हुने गरी तयारी अवस्थामा राख्ने ।<br>– सरोकारवाला अन्य निकायहरुसँग समन्वय गरी मुख्य नदीहरुमा बढ्न सक्ने बाढीको अनुगमन गरी पुर्व सूचना प्रणालीलाई प्रभावकारी वनाउने र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई निरन्तर रुपमा दिने ।<br>– जोखिम रहेका वस्तीहरुको पहिचान गरि विपद् प्रतिकार्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति सँग समन्वयन गरि कार्य गर्ने।<br>– जिल्लामा विपद व्यवस्थापनका लागि उपलब्ध उपकरणहरु एवं औजारका साथसाथै स्थानीय स्तरमा उपलब्ध उद्धार सामाग्री सहित तत्काल खटिन सक्ने गरी प्रहरि जनशक्तिलाई तयारी अवस्थामा राख्ने । | – जिल्ला प्रहरी कार्यलय, कास्की | – जिल्ला विपद् व्यवस्थापन समिति<br>– नेपाली सेना,<br>– सशस्त्र प्रहरी बल नेपाल । | तयारी अवस्थामा राखिएको । | |
| २.९ | – विपद् व्यवस्थापनका लागि Contingency plan तयार गरी उद्धार टोलीलाई आवश्यकता अनुसार Dry practice गर्ने । | – जिल्ला प्रहरी कार्यलय, कास्की । | – जिल्ला वपद व्यवस्थापन समिति | | |

३. विपद्को समयमा तुरुन्त परिचालन गर्न तयारी अवस्थामा राखिएको नेपाल प्रहरी तर्फ तालिम प्राप्त दक्ष जनशक्तिको विवरण

(क) तालिम प्राप्त

| प्र.उ | प्र.नि | प्र.ना.नि | प्र.स.नि | प्र.ह | प्र.ज | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | ३ जना | २ जना | ५ जना | मातहत कार्यालय समेत |

(ख) अन्य परिचालन जनशक्ति

| कार्यालयको नाम | प्र.ना.उ | प्र.नि | प्र.ना.नि | प्र.स.नि | प्र.ह | प्र.ज | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| जि.प्र.का कास्की | | १ जना | १ जना | १ जना | ४ जना | १८ जना | २५ जना | |
| व.प्र.का बैदाम | | | १ जना | १ जना | २ जना | ७ जना | ११जना | |
| व.प्र.का रामबजार | | | १ जना | १ जना | २ जना | ७ जना | ११ जना | |
| व.प्र.का वगर | | | १ जना | १ जना | २ जना | ७ जना | ११ जना | |
| ई.प्र.का शिसुवा | | | १ जना | १ जना | २ जना | ७ जना | ११ जना | |
| जम्मा | | **१ जना** | **५ जना** | **५ जना** | **१२ जना** | **४६ जना** | **६९ जना** | |

(ग) कोभिड-१९ शव ब्यबस्थापनका लागि तालिम प्राप्त जनशक्ति

| प्र.स.नि | प्र.ह | प्र.ज | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | २ | २ | ५ | |

४. सशस्त्र प्रहरी बल, नेपाल तर्फको जिम्मेवारी : सशस्त्र प्रहरी बल नेपाल नं २४ हे.क्वा कालिका गण मालेपाटन पोखरा

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधी | कैफियत |
|---|---|---|---|---|---|
| ४.१ | – सशस्त्र प्रहरी बल नेपालका युनिटहरुमा आधारभुत उपकरणहरु सहित उद्धार टोली तयारी अवस्थामा राख्ने। | – सशस्त्र प्रहरी वल नेपाल नं २४ हे.क्वा कालिका गण मालेपाटन पोखरा | – जिल्ला विपद् व्यवस्थापन समिति | तत्काल | |
| ४.२ | – विपद् व्यवस्थापन सम्बन्धि तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई आवश्यकता अनुसार विपद् पश्चातको खोज तथा उद्धार सम्बन्धि अनुशिक्षण तालिम कार्यक्रम संचालन गर्ने | – सशस्त्र प्रहरी वल नेपाल नं २४ हे.क्वा कालिका गण मालेपाटन पोखरा। | | आवश्यकता अनुसार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.३ | – मनसुनको समयमा हुन सक्ने संभावित विपद् को प्रतिकार्य सम्बन्धी कार्य प्रभावकारी सम्पादनको लागि सरोकारवाला निकायहरु बीच समन्वय गर्ने । | – सशस्त्र प्रहरी वल नेपाल नं २४ हे.क्वा कालिका गण मालेपाटन | | जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा निरन्तर। | |
| ४.४ | – स्थानीय स्तरमा रहेका विद्यालय,क्लब,महिला समुह,बन उपभोक्ता समुह आदिमा विपद् जोखिम न्युनिकरण तथा पुर्व तयारी सम्बन्धि अनुशिक्षण/ तालिम संचालन गर्ने | – सशस्त्र प्रहरी वल नेपाल नं २४ हे.क्वा कालिका गण मालेपाटन | – जिल्ला विपद व्यवस्थापन समिति<br>– स्थानीय तहहरु<br>– डिभिजन वन कार्यालय | आवश्यकता अनुसार | |
| ४.४ | – राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र प्रादेशिक आपतकालीन कार्य संचालन केन्द्रहरु तथा जिल्ला आपतकालीन कार्य संचालन केन्द्रहरुमा आवश्यकता अनुसार संचार तालिम प्राप्त जनशक्तिहरु परिचालन गर्ने। | – सशस्त्र प्रहरी वल नेपाल नं २४ हे.क्वा कालिका गण मालेपाटन | – सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय<br>– बाहिनीहरु<br>– जिल्ला स्थित सशस्त्र प्रहरी बल, नेपाल | | |
| ४.५ | – प्रत्येक युनिटमा विपद् व्यवस्थापन टोली उपलब्ध उद्धार सामाग्रीहरु सहित तयारी अवस्थामा राख्ने। | – सशस्त्र प्रहरी वल<br>– नेपाल नं २४ हे.क्वा कालिका गण मालेपाटन | | सशस्त्र प्रहरी बल नेपालका सम्पूर्ण कार्यालयहरु | विपद् पश्चात तुरुन्त प्रतिकार्यको लागि परिचालन हुन । |
| ४.६ | – जल तथा मौसम विज्ञान विभाग,जल विज्ञान महाशाखा/बाढी पूर्व अनुमान शाखाबाट प्रकाशित हुने बाढी भविष्यवाणी सम्बन्धी सूचना संकलन गरि मातहतका यूनिटहरुलाई सूचित गर्ने। | – सशस्त्र प्रहरी वल नेपाल नं २४ हे.क्वा कालिका गण मालेपाटन | – जिल्ला विपद व्यवस्थापन समिति<br>– स्थानीय विपद् व्यवस्थापन समिति<br>– हावापानी तथा मौसम विज्ञान कार्यालय, पोखरा | सशस्त्र प्रहरी बल नेपालका सम्पूर्ण युनिटहरु | बाढी पूर्व अनुमान गरी आवश्यकता अनुसार तयारी गर्ने । |
| ४.७ | – खोज तथा उद्धार सम्बन्धी संयुक्त अभ्यास संचालन गर्ने | – सशस्त्र प्रहरी बल नेपाल नं. २४ गण हे.क्वा<br>– जिल्ला प्रहरी कार्यालय, कास्की | – जिल्ला विपद् व्यवस्थापन समिति<br>– स्थानिय तहहरु<br>– नेपाल रेडक्रस | तत्काल | |

५. विपद्को समयमा तुरुन्त परिचालन गर्न तयारी अवस्थामा राखिएको सशस्त्र प्रहरी बल तर्फ जनशक्तिको विवरण।

(क) तालिम प्राप्त दक्ष जनशक्ति (गोताखोर-५ दक्ष जनशक्ति- ३५ जना)

| सप्रनि | सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ३ | १ | ३ | ४ | २७ | ४० | |

(ख) अन्य परिचालन हुने जनशक्ति :

१. सशस्त्र प्रहरी बल नेपाल नं. २४ गण हे.क्वा. कालिका कास्की

| सप्रउ | सप्रनाउ | सप्रनि | सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २ | २ | ३ | २ | ५ | १० | १९ | ४५ | |

२. सशस्त्र प्रहरी बल नेपाल नं. ३४ गुल्म हे.क्वा. औद्योगिक कास्की

| सप्रनाउ | सप्रनि | सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| - | - | १ | १ | १ | २ | ४ | ७ | १५ | |

जम्मा परिचालन संख्या १०० जना।

६. नेपाली सेना तर्फको जिम्मेवारि

६.१ भगवती दल गण फूलबारी व्यारेक पोखरा बाट जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा आवश्यकता अनुसार तालिम प्राप्त तथा सुरक्षाको लागि गरी १ गुल्म सम्मको फौज तयारी हालतमा रहने।

(क) तालिम प्राप्त जनशक्तिको बिवरण।

| अधिकृत | पदिक | बिल्लादार | अन्यदर्जा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३ | ४२ | २४ | ७० | |

(ख) श्री भगवतीदल गणमा भएका बिपद् उद्दार सामाग्रीहरुको बिवरण

| सि.न. | बिवरण | परिमाण | जम्मा |
|---|---|---|---|
| १. | वाटर रेस्क्यु हेलमेट (मल्टिपर्पोज) | २० | २० |
| २. | नाईलन रोप | ३ | ३ |
| ३. | गाग्री | ५ | ५ |
| ४. | वाटर प्रुफ ज्याकेट | ३९ | ३९ |
| ५. | फायर फईटिङ्ग हेलमेट विथ फेश सिल्ड | २१ | २१ |
| ६. | फायर बुठ | २ | २ |
| ७. | सावेल | ११ | ११ |
| ८. | पिक | ११ | ११ |
| ९. | मेगाफोन | १ | १ |
| १०. | सेफ्टी भेष्ट | २ | २ |

| | | | |
|---|---|---|---|
| ११. | हेलमेट | २ | २ |
| १२. | फेस मास्क/ग्यास मास्क | ९ | ९ |
| १३. | फायर फाईटिङ्ग (१ के.जी.) | १ | १ |
| १४. | फायर फाईटिङ्ग (१ के.जी.) | १ | १ |
| १५. | फायर फाईटिङ्ग (१ के.जी.) | १ | १ |

७. **कास्की जिल्ला स्थित सवै स्थानीय तहहरुले अषाढ मसान्त भित्र तयार गरी स्विकृत गरेको पालिकास्तरको "मनसून आपतकालिन कार्ययोजना " अनुरुपका कार्य सञ्चालन गर्न तयारी अवस्थामा रहने तथा विपद् व्यवस्थापन चक्र बमोजिमका विभिन्न कार्यहरु गर्ने ।**

८. **जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहेका विपद प्रतिकार्य तथा उद्दारमा प्रयोग गरिने सामाग्रीहरुको विवरण :**

| सि.नं. | सामानको नाम | परिमाण | एकाई | कैफियत |
|---|---|---|---|---|
| १. | सेफ्टी हेलमेट | ७ | थान | |
| २. | नाइलन डोरी | ४ | रोल | |
| ३. | फायर फायटिङ्ग बुट | २ | जोर | |
| ४. | रवर बुट | १ | जोर | |
| ५. | लाइफ ज्याकेट | ३० | थान | |
| ६. | रवरफर्म/ म्याट्रेस | १४ | थान | |
| ७. | त्रिपाल | ४८ | थान | |
| ८. | स्ट्रेचर | २ | थान | |
| ९. | त्रेष्ट व्याग | १७ | थान | |
| १०. | स्लिपिङ्ग व्याग | ७ | थान | |
| ११. | ग्याँस फायर | ७ | थान | |
| १२. | रेनकोट | ८ | थान | |
| १३. | गल | २ | थान | |
| १४. | गैची | ९ | थान | |
| १५. | हेडलाइट | ४ | थान | |
| १६. | सर्च लाइट | २ | थान | |
| १७. | टेण्ट ठूलो | २७ | थान | |
| १८. | एयर माक्स | १० | थान | |
| १९. | फायर फाइटिङ्ग हेलमेट | ५ | थान | |
| २०. | अक्सिजन ग्याँस वक्स | ७ | थान | |
| २१. | आलमुनियम भराङ | १ | थान | |
| २२. | सावेल | ९ | थान | |
| २३. | फायर ज्याकेट | ३ | थान | |
| २४. | घन | १ | थान | |

८. विपद्को लागि सम्पर्क नम्बर

क.स्थानीय तहहरु

| सि.नं. | स्थानीय तह | प्रमुख | सम्पर्क नम्बर | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १. | पोखरा महानगरपालिका | मान बहादुर जि.सी | ९८५६००३०३५ | नारायण शर्मा पौडेल | ९८५६०२०८२० |
| २. | अन्नपूर्ण गाँउपालिका | युवराज कुवँर | ९८५६००१७०० | युवराज अधिकारी | ९८५६०५४३०० |
| ३. | माछापुच्छ्रे गाँउपालिका | कर्ण बहादुर गुरुङ्ग | ९८५६०४७७८८ | कुमान सिंह गुरुङ्ग | ९८५६०१७३१० |
| ४. | मादी गाँउपालिका | वेद बहादुर गुरुङ्ग | ९८५६०७२६०१ | नारायण सापकोटा | ९८५६०७२६०१ |
| ५. | रुपा गाँउपालिका | नवराज ओझा | ९८५६०८४००९ | विष्णु प्रसाद पोखरेल | ९८५६०७२१०१ |

ख. स्थानीय प्रशासन

| सि.नं. | कार्यालयको नाम | पद | प्रमुख | सम्पर्क नं. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, कास्की | प्र.जि.अ | ज्ञान प्रसाद ढकाल | ९८५६००७७७७ | गुरुदत्त ढकाल | ९८५६०३७५०१ |
| २. | भगवतीदल गण फूलबारी व्यारेक पोखरा | सेनानी | मदन जंग कार्की | ९८४५०४४५०३ | मित्र बहादुर नेपाली | ९८४१६७०३७४ |
| ३. | सशस्त्र प्रहरी बल नेपाल नं २४ गण कालिका पोखरा | स.प्र.उ. | प्रेमध्वज शाह | ९८५१२७२०४७ | चुनराज थापा | ९८५१२५९८२६ |
| ४. | जिल्ला प्रहरी कार्यालय, कास्की | प्र.उ | दान बहादुर कार्की | ९८५६००५५५५ | दिपक केसी | ९८५१२८१६५९ |